**Annex B to**
**BG 03.01.01**
**Dated 22 Jan 15**

## एनेक्स् के (Annex K) अर्थात परिशिष्ट के - भू पू गोर्खालीहरूका वयस्क नानीहरू

१,  निर्देशिकाको उद्धेश्यको निम्ति, भू पू गोर्खाली भन्नाले बृटिश आर्मीको बृगेड अफ गोर्खाजमा सन् १९४८ देखी १ जुलाई १९९७ सम्म सेवा पूरा गरेकाहरूलाई बुझिन्छ ।

## भू पू गोर्खालीको वयस्क नानीको परिभाषा

२,  नियमको उद्धेश्यको निम्ति वयस्क नानी भन्नाले भू पू गोर्खालीको छोरा वा छोरी हो भन्ने बुझिन्छ । प्रायोजक अर्थात स्पोन्सरको सम्बन्ध वा साइनुको बारेमा अन्य निर्देशनको निम्ति अनुच्छेद ११ को परिशिष्ट के अर्थात प्याराग्राफ ११ को एनेक्स् के मा हेर्नुहोला ।

## यो निर्देशिकाले कसलाई समेट्‌दैन ?

३,  १८ वर्ष वा यसभन्दा माथिका अन्य वयस्कहरू जो भू पू गोर्खालीमाथि आश्रीत भएको दाबी गरेका छन् जस्तोकि भू पू का गोर्खालीका बाबु-आमा, बाजे-बजु, नाति-नातेना, दाजुभाइ वा दिदीवहिनी वा साइनो पर्ने परिवारका अन्य सदश्यहरू यो नियम भन्दा बाहिर रहने छन् । यु केमा बसोबास गरेका बाबु-आमा, बाजे-बजु, दाजुभाई दिदी वहिनी वा वयस्क नानीहरू जो यो नियमअनुसार योज्ञ छैनन् उनीहरूले यु के बाहिरबाट मात्र आबेदन दिनु पर्नेछ । ती निवेदनहरूलाई आवासीय नियम अर्थात इमिग्रेसन रुलको आस्रित वयस्क नातेदारको ब्यवस्था सम्बन्धि नियम अनुसार कार्वाही गरिने छ ।

४,  भू पू गोर्खालीकरूका परिवारका नातेदारहरू जस्तै भतिजा-भतिजी, काका-काकी, फूपू-फुपाजु, भान्जा-भान्जी वा नाति-नातेनाहरूलाई समेट्ने खालको कुनै पनि निश्चित आवासीय नियम छैन र उनीहरू यो नियमभन्दा बाहिरका हुन् । ती परिवारका नातेदारहरू यु के आउन वा बस्नको निम्ति यहाँको आवासीय नियम अनुसार उनीहरू स्वयं योज्ञ हुनुपर्दछ जस्तै उनीहरू यहाँ अध्यन गर्न वा काम गर्न चाहान्छन् भने त्यसैको आधारमा रहेर आवेदन दिनु पर्दछ नकि भू पु गोर्खालीसँग नाता गाँसेर ।

५,  श्रीमान श्रीमतीहरू, वा अविबाहित जोडी वा समलिङगी जोडा, भू पू गोर्खालीका १८ वर्ष मुनीका नानीहरू र विधवाहरूलाई भने हाल अशितत्वमा रहेको निदर्देशिकालेनै समेट्दछ (नीतिका पृष्ठभूमीका लागी तलका दफाहरू ६ - ८ हेर्नुहोस्) र यस नीतिका कार्यक्षेत्रभन्दा बाहिरका कुराहरू पनि यसले समेट्दछ ।

## यस नीतिको पृष्ठभूमी

६,  बृगेड अफ गोर्खाजका सदश्यहरूले बृटिश मुकुटको लागी गरेको उदाहरणीय सेवाको गृह मन्त्रालयले कदर गर्दछ । मे २००९ देखी बृगेड अफ गोर्खाजबाट बृगेटको मुख्यालय हङकङबाट सरेर वेलायत आएको मिति १ जुलाई १९९७ भन्दा अगाडि वर्खास्त भएका सदश्यहरूले पनि यु के


यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।

मा बस्न पाउने भएको छ । यो अनुमति हुनको कारण नितान्त ती सदश्यहरूको सेवाको कारणले हो । यो २००९ को नीतिले परिवारका आफ्नै सदश्यहरू (श्रीमान-श्रीमती, अविवाहित जोडा, समलिङगी जोडा, १८ वर्ष मुनीका नानीहरू र विधवाहरू) लाई समेट्दछ । गृह मन्त्रीद्धारा २१ मे २००९ मा विवेकाधिन ब्यववस्था अर्थात डिस्क्रेशनरी अरेन्जमेन्ट को घोषणा गरेको वेला यो स्पष्ट उल्लेख गरिएको थियो कि यो नीति आवेदन दिएको वेला १८ वर्ष भन्दा मुनीका नानीहरूलाई मात्र लागु हनेछ ।

७, गृह मन्त्रालयले अल पार्टी पार्लियामेन्टरी ग्रुपलाई गोर्खालीको कल्याण उपर उपलब्ध गराएको मुद्धा र प्रमाणहरूलाई मध्यनजर राख्दै गृहमन्त्रालयले २००९ को नीतिलाई पुनरावलोकन गरेको छ । पुनरावलोकनको परिणाम स्वरुप २००९ को विवेकाधिन ब्यवस्थालाई समायोजन गरिदैछ ता कि भू पू गोर्खालीहरूको वयस्क नानीहरूलाई निश्चित परिस्थितिमा यु के मा बस्ने अधिकार प्रदान गर्न सकियोस् ।

८, ५ जनवरी २०१५ का दिन वा त्यस पछि निर्णय गरिएका आवेदनहरूमा मात्र यो नयाँ नीति लागु हुने छ । यो नीति यु के भन्दा बाहिरका आवेदकहरूको हकमा मात्र लागु हुने छ । भू पू गोर्खालीहरूका वयस्क नानीहरू जो पहिले नै यु के मा रही आएका छन् उनीहरूले यु के छाडेर बाहिरबाट नै यो नीति अन्तर्गत आवेदन दिने छन् ।

**भू पू गोर्खालीहरूका वयस्क नानीहरूको निम्ति बसोबास**

९, यो नीति अन्तर्गत भू पू गोर्खालीहरूका वयस्क नानीहरूलाई बसोबासको अधिकार दिनलाई प्रवेश निकास अर्थात इन्ट्री क्लीयरेन्स्को निम्ति आवासीय ऐनको दफा २४ - ३० अनुसार एउटा उचित निवेदन पेश गर्नुपर्नेछ र सामान्यतया निवेदकले तपशील बमोजिमका शर्तहरू पूरा गर्नु पर्ने छ :

१, भू पू गोर्खाली बाबु-आमालाई सन् २००९ को विवेकाधिन ब्यवस्था अन्तर्गत यु के मा वसोवासको निम्ति अनुमति दिइएको वा दिने प्रकृयामा रहेको छ र

२, निवेदक उक्त भू पू गोर्खालीको छोरा वा छोरी हो र

३, निवेदक यु के भन्दा बाहिर छ भने र

४, निवेदक उक्त निवेदन पेश गरेको मितिका दिन १८ वर्षभन्दा माथिको र ३० वर्ष भन्दा मुनिको छ र

५, निवेदक आर्थिक र भावनात्मक दुबै रुपमा उक्त भू पू गोर्खालीमाथि आश्रीत छ र

६, उक्त भू पू गोर्खालीले सेवाबाट अवकास लिएको वेला सो निवेदक १८ वर्षभन्दा मुनिको थियो (अर्थात सेवाबाट निस्किसकेपछि जन्मेको थियो, दफा १६ को परिशिष्ट के अर्थात एनेक्स् के को प्याराग्राफ १६ (Paragraph 16 of Annex K) को निर्देशिका हेर्नुहोस्) र


यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।

७, यदि १ जुलाई १९९७ भन्दा अगाडिका भू पू गोर्खालीले पनि पाउने ब्यवस्था २००९ भन्दा अगाडिनै भईदिएको भए त्यसैवेला वसोवासको निम्ति निवेदन पेश गर्ने थिए भन्ने कुरामा राज्य सचिव विश्वस्त छ भने र

८, उक्त निवेदक निवेदन जारि गरेको दिनसम्ममा दुई वर्षभन्दा वढी भू पू गोर्खालीहरू अर्थात प्रायोजकबाट छुट्टै बसेको छैन भने वा कुनै शैशिक वा विशेष कारणले बाहेक प्रायोजक अर्थात स्पोन्सरबाट लगातार दुई वर्ष भन्दा वढी छुट्टै बसेको छैन भने (छुट्टै बसेको समयमा पनि परिवारीक एकता कायमै राखेको भएमा) र

९, निवेदकले आफ्नौ छुट्नै घरजम् गरेको छैन भने र

१०, शैन्य परिशिष्ट अर्थात एपेन्डीक्स् आर्म् फोर्सेस्को आवासीय नियमको दफा ८ र ९ को आधारमा आवेदकलाई अश्विकार गरियो वा खण्ड नौ का ती आवासीय नियम सम्बन्धि ब्यवस्थाहरू (समान्यतया अश्विकार हुनसक्ने आधारहरू) जुन शैनिक परिशिष्ट वा एपेन्डीक्स् आर्म् फोर्सेस् अन्तर्गत आवेदकको हकमा लागु हुनेछन् ।

## भू पू गोर्खालीको वयस्क नानीको आवेदन उपर विचार

१०, आवेदनहरू उपर गरिने विचारको सम्बन्धमा गृहमन्त्रालयको निर्णायक मण्डलले यी तलका निर्देशिकाहरू मान्नेछन् ।

### प्रायोजकको हैसियत

११, भू पू गोर्खाली जस्ले प्रयोजन अर्थात स्पोन्सर गर्दछ, ऊ सन् २००९ को विवेकाधिन ब्यवस्था अर्थात डिस्क्रेशनरी अरेन्जमेन्ट (discretionary arrangement) अन्तर्गत बसोवासको निम्ति अनुमति पाएको वा निवेदकसँगै पाउने प्रकृयामा भएको हुनु पर्दछ । यदि यो अवस्था छैन भने आवेदन अश्विकार गरिने छ ।

### प्रायोजक अर्थात स्पोन्सरसँगको सम्बन्ध

१२, आवेदक भू पू गोर्खालीको आफ्नै नानी हुनुपर्दछ ताकि निवेदक १८ वर्ष पुग्नुअगाडि उसको आमा-बाबुको दायित्व प्रायोजकले पूरा गरेको होस् । यदि निवेदक भू पू गोर्खालीको आफ्नै कोखको सन्तान नभएको खण्डमा निवेदक १८ वर्ष पुग्न अगाडि उसको रेखदेख वैधानिक र कानुनी रुपमा प्रायोजकलेनै गरेको थियो भन्ने कुराको प्रमाण देखाउन सक्नु पर्दछ । आवश्यक परेको खण्डमा निर्णायक मण्डलीद्धारा थप प्रमाणहरूको लागि अभिलेख कार्यालय अर्थात रेकोर्ड अफिससँग तसलि गर्न सक्दछन् । यदि निवेदक र प्रायोजकको नाता सम्बन्धबारे यथेष्ट प्रमाण नभएमा यसैको आधारमा आवेदनलाई अश्विकार गरिने छ । यदि निवेदक प्रायोजकको आफ्नै नानी भएमा उनीहरूको नाता प्रमाणित गर्न अन्तर्राष्ट्रिय प्रवास सङघ अर्थात इन्टरर्नेस्नल ओर्गनाइजेसन फर माइग्रेशन (International Organisation for Migration) (आइ ओ एम) मार्फत, यु के भी आई (UKVI)ले भने अनुसार, आफ्नै खर्चमा डि एन ए परिक्षण गराएको प्रमाण समेत पेश गर्नु पर्ने



यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।

हुन सक्दछ । यदि डि एन ए प्रमाण उपलब्ध गराउनु भनिएको छ र विना कुनै उपयुक्त कारण चार हप्ता भित्र उपलब्ध नगराएमा आवेदन स्वत: अश्विकार गरिने छ।

## निवेदन बुझाउने ठाउँ

१३, निवेदन यु के भन्दा बाहिरबाट बुझाउनु पर्ने छ ।

## उमेर

१४, आवेदन बुझाएको दिनमा उक्त भू पू गोर्खालीको वयस्क नानी १८ बर्षदेखि माथि ३० वर्ष भन्दा मुनिको हुनुपर्ने छ । यदि निवेदक १८ वर्षभन्दा मुनिको छ भने उसलाई विवेकाधिन ब्यववस्था अर्थात डिस्क्रेशनरी अरेन्जमेन्ट २००९ अन्तर्गतको मानिने छ र यदी ३० वर्षभन्दा माथिको छ भने पनि यही नीतिको आधारमा निवेदन अश्विकार गरिने छ । तर यदि आवेदक ३० वर्षभन्दा माथिको छ र धारा ८ ले अन्यथा भनेमा निर्णायक मण्डलीले निवेदन उपर अझै विचार गर्न सक्नेछन् ।

## भू पू गोर्खालीमाथि आर्थिक र भावनात्मक निर्भरता

१५, भू पू गोर्खाली जस्ले स्पोन्सर गरेको छ ऊ माथि आवेदक आर्थिक र भावनात्मकरुपमा निर्भर रहनुपर्ने छ । आर्थिक निर्भरताको प्रमाण अन्तर्गत आवेदकले आफैं काम गरेर आफैं कमाएको नभई प्रायोजक अर्थात स्पोन्सरले यु के बाट नियमित रुपमा खर्च पठाएकोलाई लिन सकिन्छ ।

## भू पू गोर्खाली सेवाबाट निस्केकोवेलाको उमेर

१६, भू पू गोर्खाली सेवाबाट अवकास भएको वेला आवेदक १८ वर्ष भन्दा मुनिको हुनु पर्दछ । यदि त्यसो भएको छैन भने यो नीतिको आधारमा आवेदन अश्विकार गरिने छ । स्मरण रहोस् यदि आवेदक चाही भू पू गोर्खाली सेवाबाट अवकास पाइसके पछि जन्मेको छ भने र अरू बाँकी सर्तहरू पूरा भएको छ भने ऊ योग्र हुनेछ ।

## ऐतिहासिक अन्याय

१७, यो नीतिको मातहतमा रहेर बसोबासको निम्ति योग्र हुनको निम्ति भू पू गोर्खालीले आफू अवकास पाउन साथै आफ्ना जहान र त्यसवेला सम्ममा जन्मिसकेका छोरा छोरीसँगै यहाँ वस्नको निम्ति निवेदन पेश गर्न पाउने ब्यवस्था भइदिएको भए त्यसैवेला पेस गर्नेथिए र पछि जन्मेका नानीहरू यु के मानै जन्मने थिए भन्ने कुरामा गृह मन्त्रालय विश्वस्त हुनु पर्दछ । यदि प्रायोजक अर्थात स्पोन्सरले सेवाबाट अवकास पाउनसाथै यु केमा वस्ने विचार गरेको थियो भन्ने बयान दिन्छ र त्यो बयानलाई झुठा सावित गर्ने कुनै प्रतिप्रमाण छैन भने सामान्यतया: चाहिने कुराहरू पूरा भयो भन्ने बुझिन्छ ।

१८, प्रतिप्रमाणको उदाहरण रूपमा यी अवस्थाहरूलाई लिन सकिन्छ:


यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।

- प्रायोजक अर्थात स्पोन्सरले विवेकाधिन नीति अर्थात डिस्क्रेसनरी पोलिसी (discretionary policy) को घोषणा भएको वित्तिकै निवेदन पेश गरेको थिएन भने वा,
- प्रायोजकले विगतमा कुनै वेइमानी गरेको भए वा,
- उक्त भू पू गोर्खाली अवकास प्राप्त भएपछि आफ्नो परिवारसँग बस्न नेपाल नफर्केको भए (जस्तो कि कामको खोजिमा अन्तै गएको भए)

यदि निर्णाय मण्डलीलाई चित्त बुझ्दो भएन भने र उनीहरूले अझ उच्च स्तरिय निर्णायक मण्डललाई पठाएको भए त्यो अवस्थामा समान्यतया निवेदन अश्विकार हुन सक्दछन् ।

**फरक बसाई**

१९, सामान्यतया निवेदक र प्रायोजक निवेदन पेश गरेको दिनसम्ममा दुई वर्षभन्दा बढी छुटेर बसेको हुनु हुदैन वा कुनै कारणबस् जस्तो कि बोर्डिङ स्कूल, कलेज वा विश्व विद्यालय पढ्न छुट्टै बसेको भए पनि छुट्टीको वेला परिवासँगै बसेर परिवारिक एकता कायमै राखेको हुनु पर्नेछ । यदि यी सर्तहरू पूरा भएका छैनन् भने निवेदन अश्विकार गरिने छ ।

**छुट्टीएको वा स्वतन्त्र बसाई**

२०, यदि आवेदक फरक परिवारसँग स्वतन्त्ररुपमा बस्दै आएको छ (जस्तो कि उसको नातेदारहरू जस्ले बाबु-आमाको जस्तै अविभावकको रुपमा दायित्व निर्वाह गरिआएका छन्) अथवा आवेदकले विवाह गरेर वा विवाहको जस्तै कुनै सम्वन्ध परब्यक्तिसँग कायम गरेर छुट्टै बसेको छ भने यो अवस्थामा निवेदन अश्विकार गरिने छ ।

**सुहाउदिला मागहरू**

२१, शैन्य परिशिष्ट अर्थात एपेन्डीक्स् आर्म् फोर्सेस् (Appendix Arm Forces) को दफा ८ र ९ र आवासीय नियमको खण्ड ९ (जस्मा एपेन्डीक्स् आर्म् फोर्सेस - दफा ३२० (१) अनुसार केही निवेदनहरू अश्विकार हुनसक्ने सामान्य नियमहरू छन्) मा जनाइए अनुसारका सुहाउदिला सर्तहरू पूरा हुनु पर्नेछ ।

**पहिलेका मुद्धाहरू उपरका निवेदनहरू**

२२, सन् २०१५ को जनवरीमा यो नीति छापिनु अगाडि भू पू गोर्खालीका वयस्क नानीहरूबाट पहिलेनै परिसकेका निवेदनहरू उपर गरिसकिएका निर्णयहरूमा यो नीतिले कुनै प्रभाव पार्ने छैन । यदि पहिले नै परिसकेका निवेदनहरू अश्विकृत भएका छन् र ती भू पू


यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।

गोर्खालीका वयस्क नानीहरूले ती मुद्धाहरूप्रति फेरी विचार गरियोस् भन्ने चाहेमा उनीहरूले उपयुक्त शुल्क सहित पुनः आवेदन दिनु पर्नेछ ।

२३, यद्यपि ५ जनवरी २०१५ देखि उप्रान्त भने यदि पहिलेनै निवेदनहरू बुझाईको छ र निर्णय हुन बाँकी छ भने ती निवेदनहरूमा चाही यो नीति लागु हुनेछ । यदि भू पू गोर्खालीको नानीले वेलायतमा बस्नको निम्ति ५ जनवरी भन्दा अगाडि नै निवेदन बुझाएको छ भने उसलाई यो नीतिमा भनिएको जस्तो देश बाहिर जानु पर्छ भन्ने नीति लागु हुदैन ।

२४, सम्बन्धित कामगर्ने र प्रश्तुत गर्ने अधिकारीहरूलाई प्रकृया बाँकी रहेका मुद्धाहरूउपर कसरी विचार गर्ने भनेर एउटा छुट्टै निर्देशिका उपलब्ध गराइने छ ।

## रवाना वा प्रश्थानको अनुमति

२५, यदि सवै आवश्यक कुराहरू पूरा भएमा निर्णायक मण्डलले यू के को लागि अनिश्चित कालिन प्रवेश अनुमति अर्थात इन्डेफिनिट लिभ टु इन्टर (Indefinite leave to enter) वा अर्को अवस्थामा अनिश्चित कालिन बसाई अनुमति अर्थात इन्डेफिनिट लिभ टु रिमेन (Indefinite Leave to Remain) प्रदान गर्नु पर्दछ । प्रवेश निकास अधिकारीहरू (Entry Clearance Officers) ले विचार गर्नुपर्ने कुरो के हो भने यी मुद्धाहरूलाई नियमित रूपमा उदृत (refer) गर्न कुनै आवश्यकता छैन ।

## मुद्धाको वहिष्कार

२६, यो नीति अन्तर्गत कुनै निवेदन अस्विकृत भए पछी भने निर्णायक मन्डलले धारा ८ लाई पनि विचार गर्नुपर्दछ ताकि विशेष अवस्थामा यस धाराको परिशिष्ट एफ एम एक दशमलब शुन्य बी अर्थात एपेन्डीक्स् एफ एम एक दशमलब शुन्य बी (Appendix FM 1.0b: Family Life (as a Partner or Parent) and Private Life: 10- year Routes). जहाँ पारिवारीक जीवन र ब्यक्तिगत जीवन १० वर्षसम्म विताएको अर्थात प्राइभेट लाइफ टेन इयर्स रुट को निर्देशिका अनुसार प्रस्थानको निम्ति अनुमति दिन सक्ने हुन सक्दछ ।

२७, समानुपातिक पक्षलाई विचार गर्ने क्रममा निर्णायक मण्डलले यी तलका निर्णय विधिका कुराहरूलाई पनि ध्यान पुर्‍याउनु पर्दछ :

गुरुङ र अदरस् आर (Gurung & Ors, R) को निवेदनको विरुद्ध गृह फाँटको निम्ति राज्य सचिब (२०१३) ECWA Civ 8 (21 January 2013) को सम्बन्धमा न्यायलयले यो निश्चय गर्‍यो कि “सामान्य अवस्थामा ती (वयस्क आश्रीत नातेदारहरू)ले सम्बन्धित ऐन अर्थात European Convention on Human Rights को धारा ८ अन्तर्गत अनिश्चित कालिन प्रवेश वा बसाईको निम्ति आवेदन पेश गर्नु पर्ने हुन्छ ।” अदालतले पनि के पनि भेट्टायो भने गोर्खालीरूलाई ऐतिहासिक अन्याय भएको कारणले उनीहरूले सन् २००९ सम्म यु के मा बसोबासको निम्ति अनुमति पाउन सकेनन् । अतः यस कुरालाई पनि धारा ८

अनुसार मुद्धालाई हेर्दा विचार पुर्‍याउनु पर्दछ । तर यही निर्णायक हुनु पर्दछ भन्ने चाही होइन । यदि गोर्खालीले ऐतिहासिक अन्यायको कुरा बाहेक यो कुरा दर्शाउन सक्छ ताकि ऊ उसका १८ वर्ष भन्दा मुनीका नानीहरू (जो अहिले वयस्क भइसकेका छन्) पनि ऊ सँगै यु के आउन पाउथे । यही मूख्य कारणले उसको वयस्क नानी परिवारमा अहिले मिसिन आउन पाउने अनुमति दिन सकिन्छ ।

माथिल्लो न्यायालयले घिसिङ र अन्य (२०१३) UKUT ००५६७ मा के भेट्टायो भने ऐतिहासिक अन्यायका कुरा बाहेक यसमा धारा ८ समावेश छ र अपिल गर्ने ब्यक्ति धेरै अगाडिनै यु के मा बसोबास गर्ने थियो जुन धार ८ समानुपातिक मुल्याङकन अनुसार अपिल गर्ने ब्यक्तिको पक्षमा नतिजा आएको कुरालाई निर्धारण गर्दछ जहाँ राज्य सचिब वा प्रवेश निकास अधिकृत अर्थात -Entry Clearance Officer (ECO) जनताको कडा आवासीय नीतिलाई कायमै राख्ने जनताको चाहानामा भर पर्दछन्।

यदि राज्यसचिब र इ सि ओ दह्रो आवासीय नीतिलाई कायमा राख्ने कुरामा जनताको चाहानाभन्दा माथि गए भने, जुन आइ एल इ दिने कुरा अश्विकार गर्ने भन्ने कुराको समर्थन गर्दछ, यी कुराहरूलाई पनि तौलीएर राज्य सचिब र इ सि ओ को पक्षमा सन्तुलन ल्याउनु पर्दछ । अतः अपिल गर्ने ब्यक्तिको दह्रो पक्षलाई समेत हराउनको निम्ति खराब आवासिय इतिहास र अर्थात अपराधजन्य  कृयाकलाप पर्ह्याप्त हुन सक्दछ ।

२८,  सबै अवस्थामा जुन वेला यो नीति अन्तर्गत आवेदनलाई अश्विकार गरिने अवस्था हुन्छ त्यसबेला निर्णायक मण्डलले गरेको निर्णयलाई लागु गर्नु अगाडि यो मुद्धालाई एस सी एस (SCS)को तलमा खबर गरिएको हुनु पर्दछ जस्ले उक्त मुद्धाको निर्णयलाई कार्यान्वयन गर्ने या मन्त्री स्तरीय तहमा खबर गर्ने भन्ने कुराको निर्णय गर्नेछन् ।


यो गृहमन्त्रालयको दस्तावेजको परिशिष्ट के अर्थात Annex K को मोटामोटी अनुबाद हो । यदि कसैलाई सङका भएमा यसको अङग्रेजी सँस्करण हेर्नुहोला ।